नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (वातावरण तथा विपद व्यवस्थापन शाखा)

फोननं. ४२००४८२·
४२००५३१·
Website: www.mofald.go
Email:cdms.mofaga@gm

प.सं.:-२०७४/७५
च.नं.:-२४१

सिंहदरबार, काठमा
मिति २०७५\०२\३

श्री स्थानीय तह सबै,

श्री जिल्ला समन्वय समितीको कार्यालय, (सबै)

विषय: IEE कार्यसूची तथा प्रतिवेदन स्वीकृत सम्बन्धमा |

नदिजन्य पदार्थको संकलन \ उत्खनन सम्बन्धि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची र प्रतिवेदन स्वीकृत गर्दा अपनाउनुपर्ने प्रक्रियाको सन्दर्भमा यस मन्त्रालयको च.न.९०, मिति २०७४\०९\०५ को पत्र प्राप्त भएकै होला | पत्रमा उल्लेखित शर्तहरुको अधिनमा रही प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची र प्रतिवेदन स्वीकृत गर्नु गराउनुहुन स्मरण गराईएको व्यहोरा निर्देशानुसार अनुरोध छ |

**वोधार्थ**

सूचना तथा प्रविधि शाखा - प्रस्तुत पत्र मन्त्रालयको website मा upload गरिदिनुहुन |

सीता दुवाडी

शाखा अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७४/७५
च.नं: ९०

मिति:२०७४/९/०५

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)

विषय: प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार प्रत्यायोजन सम्बन्धमा ।

वातावरण संरक्षण ऐन, २०५३, र वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम नदिजन्य पदार्थको संकलन/उत्खननन् सम्बन्धि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५२(२) बमोजिम जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा तपशिल बमोजिम गर्ने नेपाल सरकार (मा. उपप्रधानमन्त्रीस्तर) बाट मिति २०७४/०९/०४ मा निर्णय भएकाले सोहि बमोजिम गर्न गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल:

१. वातावरण संरक्षण ऐन, २०५३, र वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम नदिजन्य पदार्थको संकलन/उत्खननन् सम्बन्धि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार २०७५ असार मसान्तसम्मका लागि सम्बन्धित जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने,
२. प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत भएका प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन कार्यान्वयन अवस्थाको अनुगमन मन्त्रालयको वातावरण व्यवस्थापन शाखाले गर्न सक्ने,
३. बुँदा नं. १ अनुसार प्रत्यायोजित अधिकार बमोजिम प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा उक्त कार्यसूची अनुसार तयार गरिएको प्रतिवेदन जिल्ला समन्वय समितिले वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को अधिनमा रही स्वीकृत गर्दा निम्न शर्तहरु समेतको पालना गर्ने,

शर्तहरु:

१. नदिजन्य पदार्थको संकलन/उत्खननन् सम्बन्धि कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रस्तावक सम्बन्धित स्थानीय तह रहने,
२. जिल्ला समन्वय समितिले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्नु अघि जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारिस समिति देहाय बमोजिम गठन गरी सो समितिमा मस्यौदा प्रतिवेदन उपर छलफल गराई सो समितिको सिफारिसको आधारमा प्रतिवेदन स्वीकृत गर्नुपर्ने,

क) जिल्ला प्राविधिक कार्यालयका प्रमुख, — संयोजक
ख) प्रतिनिधि, जिल्ला समन्वय समितिले तोकेको जिल्ला वन कार्यालय वा जिल्ला भू-संरक्षण कार्यालय वा जिल्लास्थित सरकारी कार्यालयको वातावरणसंग सम्बन्धित अधिकृतस्तरको कर्मचारी १ जना — सदस्य
ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको कर्मचारी — सदस्य

MIC

नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७४/७५
च.नं:

घ) योजना, अनुगमन तथा प्रशासकीय अधिकृत वा जिल्ला समन्वय समितिले तोकेको अधिकृतस्तरको कर्मचारी -१ जना — सदस्य
ङ) जिल्ला समन्वय समितिले तोकेको भू-गर्भविद् विज्ञ १ जना — सदस्य
च) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत — सदस्य
छ) जिल्ला समन्वय समितिको राजस्व शाखा सम्बन्धित शाखा प्रमुख — सदस्य
ज) जिल्ला समन्वय समितिको वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखा प्रमुख — सदस्य सचिव

३. जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारिस समितिले प्रचलित कानून बमोजिम खुलाउनुपर्ने विवरणको अलावा प्रतिवेदनमा देहायको विषयहरु समावेश भए नभएको एकिन गरी नभएको भए समावेश गर्न लगाएर मात्र सिफारिस गर्नुपर्नेछ

क) संकलन/उत्खनन् वा दोहन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नक्शा,

ख) नदिजन्य पदार्थ संकलन/उत्खनन् गर्दा प्रयोग गर्ने विधि र सो विधिमा प्रयोग हुने मेशिन औजार उपकरण तथा यन्त्र,

ग) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा परामर्शदाताको विज्ञ समूहमा कम्तिमा देहायको विज्ञ समावेश भएको हुनुपर्नेछ

(१) जियोलोगिस्ट – १ जना
(२) वातावरणविद् – १ जना
(३) आवश्यकतानुसार सम्बन्धित विज्ञ (सामाजिक, आर्थिक आदि)

घ) प्रतिवेदनमा प्रस्तुत नकरात्मक असर न्यूनीकरणका लागि अपनाइएका उपायहरुको विश्लेषण गरी कार्यान्वयनका लागि आवश्यक बजेट समेत विनियोजन गर्ने,

४. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्दा यस सम्बन्धि सम्मानित सर्वोच्च अदालतबाट भएका निर्णय, नेपाल सरकारका निर्णयहरुसमेत पालना हुने गरी गर्ने,

५. प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिमार्फत गरिने जिल्लास्तरीय अनुगमन कार्ययोजना समेत प्रतिवेदनको अंशका रुपमा समावेश गर्ने , जिल्ला अनुगमन तथा समन्वय समितिमार्फत हुने अनुगमनको प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउने,

६. स्वीकृत प्रतिवेदनको प्रमाणित प्रतिलिपि १५ दिन भित्र मन्त्रालयको वातावरण व्यवस्थापन शाखामा उपलब्ध गराउने, साथै विद्युतीय कपी सम्बन्धित स्थानीय तहको वेबसाइटमा अनिवार्य रुपमा राख्ने

७. प्रत्यायोजित अधिकारको कार्यन्वयन सम्बन्धमा कुनै बाधा अड्चन आएमा परेको बाधा र सोको समाधानका लागि सम्भाव्य उपायसहित मन्त्रालयमा निकासका लागि लेखि पठाउने

(रमिला भण्डारी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री महानगर/उपमहानगर/नगरपालिका कार्यालय (सबै)
श्री गाउँपालिका कार्यालय (सबै)
श्री सूचना तथा विद्युतीय शासन शाखा : वेबसाइटमा upload गर्नु हुन
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय